नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# ३
१० असार २०७७

# दैनिक विपद् बुलेटिन

९ असार बिहान १०:०० बजे देखि १० असार बिहान १०:०० बजे सम्म

नेपालमा मनसुनको सुरुवातमा प्राकृतिकसँगै गैरप्राकृतिक विपदका घट्नाहरुको समेत सामना गर्नु परिरहेको छ । मनसुन सक्रिय भएका स्थानमा नै विपदका घट्नाहरु बढी घटेका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | ३ | ० | २,३३,००० | ० | ३ |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का ४ वटा घट्नाहरु भएका छन् । **दाङ** जिल्लाको घोराही उ.म.न.पा.- १२ निमुवार बस्ने बर्ष ७ की बालिकालाई शर्पदंस भई उपचारका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा उपचारको क्रममा मृत्यु भएको छ ।
- **उदयपुर** जिल्लाको बेलका न.पा.- ३ एबिसि टप्पु भन्ने स्थानमा परेको **चट्याङमा** परी २ वटा चौपायाहरु मरेका छन् ।
- यसैगरी सप्तरी जिल्लाको बिष्णुपुर गा.पा.- ५ मा **आगलागी** भएको छ । आगलागीबाट अनुमानित २,३३,०००/- रुपैंयाँ बराबर क्षति भएको छ ।
- पाल्पाको तानसेन नगरपालिका वडा नं ११ सम्मोबारीमा २०७७/०३/०८ गते गएको पहिरोमा पुरिएको अवस्थामा थप १ जनाको मृत्यु भएको छ ।










थप जानकारीको लागिः [https://bipad.gov.np/incidents](https://bipad.gov.np/incidents)

## प्रतिकार्य

- आज भएको आगलागी तथा चट्याङ्गको विपद्का घट्नास्थलहरुमा सुरक्षा निकायबाट उद्धार कार्य भएको । शर्पदंशबाट घाइते भएका व्यक्तिलाई सुरक्षा निकायको टोली खटिई उपचारका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा लगिएको थियो ।

## पूर्वानुमान

असार १० बुधबार

- कोसी, नारायणी र यसका शाखा नदीहरुमा बहाव तुलनात्मक रूपमा बढ्ने, कर्णाली, महाकालीमा सामान्य बढ्ने तर सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने ।
- कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीहरुमा बहाब बढ्ने तर सबैमा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । कन्काई, कमला र पश्चिम राप्तीका केही स-साना सहायक नदीमा बहाव सतर्कता तह आसपास सम्म पनि पुग्न सक्ने ।
- प्रदेश १, बागमती प्रदेश, प्रदेश ५ र सुदूरपश्चिम प्रदेश भई बहने स-साना नदीहरूमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपाससम्म पुग्न सक्ने पूर्वानुमान छ ।

स्रोतः जल तथा मौसम विज्ञान विभाग

थप जानकारीका लागिः https://bit.ly/2YYQOQV

## अनुसूची-१

### १) विपद्का घट्नावाट भएको संक्षिप्त क्षति विवरण

| मिति अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| २०७७-०३-०९ देखी २०७७-०३-१० सम्म | सर्पदंश, आगलागी, चटयाङ्ग | ३ | १ | ० | ० | ३ | ० | १ | ० | ३ | २३३००० |

### २) जिल्ला अनुसारको क्षतिको विवरण

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु * | | | | वेपत्ता * | घाईते * | | | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पहिचान नभएको | जम्मा | | पुरुष | महिला | जम्मा | | आंशिक | पूर्ण | | | |
| १ | उदयपुर | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | २ | ० |
| २ | सप्तरी | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ | २३३००० |
| ३ | दाङ्ग | १ | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |

* मृत्यु, वेपत्ता तथा घाईतेको विवरण स्रोत नेपाल प्रहरी

# नवलपरासी र रुकुमको हकमा २०७४-०७-०९ भन्दा अगाडीको विवरणमा पुरानो संरचना तथा नयां दुबै रहने